दर्ता नं. ६२८
दर्ता मिति: २०७६।९।२२

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्गको

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/०९/१८ गते

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द दाङ्गको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अुनसार मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम लागत साझेदारीमा कार्य गर्न इच्छुक निजि व्यवसायी/समूह/समिति/सहकारीकृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस नहुने व्यहोरा समेत जानकारी गराइन्छ। थप जानकारीको लागी यस कार्यालयको फोन नं. ०८२-५६००२१ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

तपसिल

| सि.नं. | कार्यक्रम | संख्या | जम्मा अनुदान वजेट | प्राथमिकता/कार्यक्रम संचालन हुने जिल्ला | कैफियत |
|---|---|---|---|---|---|
| १. | जिउदो माछा बिक्री वितरण स्टल निर्माण/सुधार (५०% अनुदान) | २ | ८ लाख | शहरी क्षेत्रको प्रमुख बजारमा केन्द्रित भई कम्तिमा दैनिक ५० किलो माछा बिक्री वितरण गरेको हुनुपर्ने। (दाङ्ग र प्यूठान) | निजी व्यवसायी/समूह/समिति/सहकारी |
| २ | विपन्न वर्गलाई साना पोखरी निमार्ण तथा भुरा वितरण | ५० | ५ लाख | आर्थिक पक्ष कमजोर भएका वर्ग/५ कठ्ठा भन्दा कम जग्गा भएको,परिवारको कुनैपनि सदस्य सरकारी वा गैर सरकारी संघ/सस्थामा रोजगार नभएको। आम्दानी मासिक रु १०,०००। भन्दा कम भएको स्थानिय तहको सिफारिस पत्र (दाङ्ग र प्यूठान) | छनौट भएका कृषकहरुलाई कार्य सम्पन्न पश्च्यात एकमुष्ठ दस हजार उपलब्ध गराइनेछ। |
| ३ | विपन्न वर्गकालाई भुरा वितरण | ५०००० | १ लाख | आर्थिक पक्ष कमजोर भएका वर्ग/५ कठ्ठा भन्दा कम जग्गा भएको,परिवारको कुनैपनि सदस्य सरकारी वा गैर सरकारी संघ/सस्थामा रोजगार नभएको। आम्दानी मासिक रु १०,०००। भन्दा कम भएको स्थानिय तहको सिफारिस पत्र (दाङ्ग र प्यूठान) | छनौट भएका कृषकहरुलाई प्रति गोटा रु. २ नवढ्ने गरी एडभान्स फिङ्गरलिङ्ग शत प्रतिशत अनुदान दिइनेछ। |
| ४ | प्लाष्टिक पोखरी निर्माण (५०% अनुदान) | २० | ४ लाख | ५ कठ्ठा भन्दा कम जग्गा भएको,परिवारको कुनैपनि सदस्य सरकारी वा गैर सरकारी संघ/सस्थामा रोजगार नभएको। आम्दानी मासिक रु १०,०००। भन्दा कम भएको स्थानिय तहको सिफारिस पत्र (दाङ्ग र प्यूठान) | निजी फार्म/समूह/समिति/सहकारी/संघ/संस्था |
| ५ | प्राकृतिक जलासय मर्मत संभार (५०% अनुदान) | १५ हे. | १५ लाख | स्थानिय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका प्राकृतिक जलासयहरु(घोल,ताल,सिमसार) आवधिक ठेक्का प्रकिया भई मत्स्य पालन भैईरहेको। (दाङ्ग र प्यूठान) | निजी ठेकेदार/समूह/समिति/सहकारी |

डा. वेद ... 
...कृतस्तर नवौं